स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेता पल शाहसँग हिट र फ्लप दुवै फिल्मको अनुभव छ । फिल्म 'नाइँ नभन्नू ल ४' बाट सुखद् डेब्यु गरेका उनलाई 'शत्रु गते' र 'म यस्तो गीत गाउँछु'को व्यापारिक सफलताले करिअरको उत्कर्षमा पुऱ्याएको थियो । तर, पछिल्लो रिलिज फिल्म 'रावायण'को असफलताले भने उनलाई निकै ठूलो धक्का दिएको छ । यो फिल्म नचलिदिँदा उनको स्टारडममाथि नै प्रश्न चिन्ह खडा भएको छ । 'मायावी' यही बुधबार महाशिवरात्रिबाट प्रदर्शनमा आउँदैछ ।

**आजको विचार...**



संसद्ले...
(दुई पेजमा)

सोमबहादुर थापा



अभिनेता आमिर खानले भर्खरै महाभारत बनाउने आफ्नो पुरानो इच्छा व्यक्त गरेका छन् । एबीपी सम्मेलनमा आमिरले आफ्नो सपना सबैसँग साझा गरे र यो पनि भने कि बच्चाहरुसँग सम्बन्धित सामग्रीले उनलाई सबैभन्दा धेरै उत्साहित तुल्याउँने गरेको छ । आमिरले भने, 'महाभारत बनाउने मेरो सपना हो, त्यसैले सायद अब म त्यो सपनाको बारेमा सोच्न सक्छु । हेरौं यसमा मेरो भूमिका हुन्छ कि हुँदैन ।' बाल सामग्रीका फिल्ममा आफ्नो रुचि बारे कुरा गरे ।

❒ वर्ष ३० ❒ अंक २१३ ❒ २०८१ फागुन १३ गते मंगलबार 25 February 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### बन्दुकधारीको आक्रमणबाट ८ को मृत्यु

**(रासस/एएफपी)**

**सेलाया,** फागुन १२/मेक्सिकोको हिंसात्मक हुने स्थानमध्येको एक राज्य सेलायामा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा आठ जनाको मृत्यु भएको छ । ग्वानाजुआटोको सडकमा शनिबार राति पाँच महिला र तीन पुरुषको हत्या भएको सरकारी वकिलको कार्यालयले जनाएको छ । ग्वानाजुआटो एक समृद्ध औद्योगिक केन्द्र हो र धेरै लोकप्रिय पर्यटन गन्तव्य हो भने यहाँ हुने हिंसात्मक गतिविधिका कारण यसलाई मेक्सिकोको एक हिंस्रक राज्य पनि मानिन्छ । सन् २०२३ मा बन्दुकधारीले जल उद्यानमा आक्रमण गरी एक बालकसहित सात जनाको हत्या गरेको थियो । नेसनल गार्डले आइतबार ग्वानाजुआटोमा सान्टा रोजा डे लिमा कार्टेलका लागि आक्रमणको नेतृत्व गरेको पहिचान गरिएको भनिएका एक व्यक्तिलाई पक्राउ गरेको छ । ग्वानाजुआटोमा भएको हिंसालाई 'सान्टा रोजा डे लिमा' गिरोह र ल्याटिन अमेरिकी राष्ट्रको सबैभन्दा शक्तिशाली मध्येको एक 'जालिस्को न्यू जेनेरेसन कार्टेल' बीच चलिरहेको द्वन्द्वसँग जोडिएको छ । मेक्सिकोमा सन् २००६ मा मानव बेचबिखन नियन्त्रणका लागि सेना परिचालन गरेयता लागूऔषधसम्बन्धी हिंसामा परी चार लाख ८० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको सरकारी तथ्याङ्कले देखाएको छ ।

# रोकिएन अवैध लागूऔषध ओसार-पसार

## एकैदिन ८ जना पक्राउ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १२/नेपाल प्रहरीले अवैध लागूऔष ओसार-पसार गर्नेहरुलाई कडाई गर्दै आएको बताउँदै आए पनि यस्तो गतिविधि रोकिएको छैन् । अझै पनि सिमानाहरुबाट धमाधम अवैध लागूऔष ओसार-पसार गर्नेहरु भेटिने गरेका छन् ।

प्रहरीले माघ ४ गते देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसहित १० जनालाई पक्राउ गरेको थियो । त्यसको एक महिनापछि फेरी एकै दिन ८ जना पक्राउ परे । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बाँके, बारा, सुनसरी, मकवानपुर, कञ्चनपुर लगायतका विभिन्न ठाउँहरुबाट सोमबार ८ जनालाई अवैध लागूऔषधसहित प्रहरीले पक्राउ गरेको हो । प्रहरीले बाँकेको नेपालगंज उपमहानगरपालिका-१ बाट अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ७ सय ३० मिलिग्रामसहित सोही उपमहानगरपालिका-१४ बस्ने २३ वर्षीय विनय कोरीलाई प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको जनाएको छ । यस्तै बाराको




जीतपुरसिमरा उपमहानगरपालिका-२१ अम्लेखगंजबाट अवैध लागूऔषध गाँजासहित एक जना युवा पक्राउ परेका छन् । करिब ५ किलो ९ सय ग्रामसहित पर्सा वीरगंज महानगरपालिका-१८ ईनर्वा बस्ने २१ वर्षीय राजकिशोर कुर्मीलाई प्रहरीले पक्राउ गरेको हो । यसैगरी कञ्चनपुरको कृष्णपुर नगरपालिका-५ गजरौलाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ बस्ने २३ वर्षीय दिपेन्द्र बोगटी र २५ वर्षीय डेनी जोशी रहेका छन् । इलाका प्रहरी कार्यालय गुलरीया समेतबाट खटिएको प्रहरीले उनीहरूबाट करिब ९० मिलिग्राम खैरो हेरोइन जस्तो देखिने पदार्थ नियन्त्रणमा लिएको छ । यस्तै सुनसरीको धरान उपमहानगरपालिका-१६ बाट लागुऔषधसहित सोही ठाउँ डेरा गरी बस्ने धरान उपमहानगरपालिका-८ घर भएकी २९ वर्षीया सुस्मा तामाङलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी चौकी जोरसखुवाबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्ने क्रममा लागूऔषध ट्रामाडोल ३ हजार २ सय १० ट्याब्लेट, स्पास्रुरेस्ट १ हजार ६ सय ६० ट्याब्लेट र स्पास्पेन ७ सय ३० ट्याब्लेट फेला पारी उनलाई पक्राउ गरेको हो । यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट नियन्त्रित लागूऔषध डाइजेपाम २८ एम्पुल, फेनारगन ५९ एम्पुल, नोर्फिन १३ एम्पुल सहित बकैया गाउँपालिका-४ छतिवन बस्ने २४ वर्षीय नबिन सुनारलाई पनि प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले वीरगंजबाट चितवनतर्फ जाँदै गरेको ना.७ ख ११६ नम्बरको बसमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । कञ्चनपुरकै बेलौरी नगरपालिका-४ बेलौरी बजारबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १ ग्राम ४ सय ३० मिलिग्राम सहित २ जनालाई पनि प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-७ गणेशपुर बस्ने २४ वर्षीय खुशी राम राना र २२ वर्षीय देव राज राना रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढी र इलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले म.१ प ६०३० नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । मुलुकको प्रमुख नाकाहरुमा लागूऔषध ढुवानीकर्ता तथा प्रयोगकर्ता पक्राउ परेका केही प्रतिनिधि घटना मात्र हुन् यी । नेपालबाट गाँजा, चरेसजस्ता लागूऔषध भारत पुऱ्याइने गरेको पाइएको छ । प्रहरीले दैनिकजसो लागूऔषध प्रयोगकर्ता, ढुवानीकर्ता तथा कारोबारी पक्राउ गरे पनि ओसारपसारमा कमी आएको छैन । खास गरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागूपदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारिक चिन्तनका कारण नेपालमा लागूपदार्थको दुरुपयोग एवं अवैध ओसार-पसार बढ्दो छ ।

## जैविक विविधताको संरक्षण गरौं

-वनजङ्गलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं,

-जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,

-दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,

-वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं,

-परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं ।

जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# लुम्बिनी प्रदेशलाई सडक आश्रित मानव मुक्त गरिने

**लुम्बिनी,** फागुन १२/लुम्बिनी प्रदेशलाई आगामी आर्थिक वर्ष सडक आश्रित मानव मुक्त घोषणा गर्ने तयारी गरिएको छ । चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माण कार्यलाई निरन्तरता दिने उल्लेख छ ।




आगामी वर्ष वार्षिक बजेट तथा कार्यक्रममा सुनिश्चित गरी लुम्बिनी प्रदेशलाई सडक आश्रित मानव मुक्त प्रदेश बनाउने गरी प्रदेश सरकार अघि बढ्ने मुख्यमन्त्री चेतनारायण आचार्यले बताए । मानवता प्रवर्द्धन अभियानअन्तर्गत मानवसेवा आश्रमसँग लुम्बिनी प्रदेश सरकारले सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित छलफल कार्यक्रममा मानवतायुक्त प्रदेश बनाउने अभियानलाई प्रदेश सरकारले पूर्ण साथ दिने प्रतिबद्धता व्यक्त गरेको छ । 'कसैले पनि सडकमा बास बस्न नपरोस्, भोकभोकै बस्न नपरोस्', मुख्यमन्त्री आचार्यले भने, 'संविधानले सुनिश्चित गरेका हक अधिकारको प्रत्याभूति दिलाउने जिम्मेवारी सरकारको हो, त्यो जिम्मेवारी निभाउन हामी तयार छौँ ।' प्रदेशभित्र सञ्चालित मानवसेवा आश्रममा स्वास्थ्यकर्मी उपलब्ध गराउने र उपचार सेवालाई सहज बनाउने तयारी छ । मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले मुख्यमन्त्री आचार्यलाई सडक आश्रित मानवमुक्त बनाउने अभियानको प्रस्तावना पत्र हस्तान्तरण गरे । 'नितान्त दाताको सहयोगबाट यो आश्रम सञ्चालन भइरहेको छ । यसलाई अघि बढाउन सरकारको साथ र सहयोगको खाँचो छ', उनले भने, 'सरकारले अब सामाजिक सुरक्षाका लागि पनि सहयोग गर्न जरुरी छ । सडकबाट उद्धार गरी आश्रम र अस्पतालसम्म पुऱ्याउन साधन स्रोतको अभाव छ ।' मानवसेवा आश्रमले लुम्बिनी प्रदेशमा हालसम्म एक हजार ३ सय ४४ जनाको उद्धार गरेको छ । उद्धार गरिएकामा ८ सय २९ पुरुष, ४ सय १८ महिला र ९७ बालबालिका छन् । तीमध्ये ५ सय ५७ जनालाई परिवारसँग पुनर्मिलन गराइसकिएको छ । बाँके र बर्दियाबाट मानवसेवा आश्रम नेपालगञ्ज, दाङ, रोल्पा, प्यूठान, रुकुम पूर्वबाट मानवसेवा आश्रम तुलसीपुर, रुपन्देही, कपिलवस्तु, नवलपरासी पश्चिम, पाल्पा, अर्घाखाँची र गुल्मीबाट उद्धार गरिएका व्यक्तिलाई रुपन्देहीका दुईवटा मानवसेवा आश्रममा राख्ने गरिएको छ । 'मिसन २०८२' तय गर्दै सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अभिभावकविहीन, मानसिक तथा शारीरिकरुपमा कमजोर) सडक आश्रित मानवमुक्त राष्ट्र निर्माण, घोषणा र कार्यान्वयन गर्न राष्ट्रिय अभियान थालिएको छ । छलफलमा मन्त्रीहरू, प्रमुख सचिव तथा सचिवहरूले आफ्नो धारणा राखेका थिए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# कृषि पर्यटन अहिलेको आवश्यकता

नेपाल पर्यटन क्षेत्रमा सम्भावना बोकेको मूलुक भए पनि त्यसको विकास हुन सकेको छैन । अब पर्यटन क्षेत्रको विकासका लागि नयाँ ढंगले नलाग्ने हो भने मुलुकको विकास सम्भव छैन् । अहिलेको आवश्यकता भनेको कृषि पर्यटन हो । पर्यटनलाई कृषिसँग जोडेर अगाडि बढाए मात्र देशको विकास सम्भव छ । कृषि र पर्यटनको आ–आफ्नै महत्व छ । दुबैलाई एकै ठाउँमा समन्वय गरेर विकास गर्ने हो भने गाउँघरमा कृषि र पर्यटन दुबैको विकास हुन्छ । ग्रामीण क्षेत्रमा पर्यटनको विकासले गति लिदै जान्छ । पर्यटन उद्योग नेपालको राजस्वको मुख्य स्रोत हो ।

मनोरञ्जन, धार्मिक, पदयात्रा, साहसिक यात्रालगायत विभिन्न प्रकारका पर्यटन क्षेत्र नेपालमा छन् । त्यसैगरी कृषि पर्यटन, समग्र पर्यटनको अर्को क्षेत्र हो । जुन नेपालमा विगत केही वर्षदेखि प्रयोगमा आउन थालेको छ । कृषिलाई पर्यटनसँग जोडेर राम्रो आम्दानी लिन सकिने अनेकौं उपायहरु रहेका छन् । अहिले धेरै ठाउँमा कृषि पर्यटनका प्रयासहरु भएका छन् । यसलाई सकारात्मक रुपमा लिनुपर्छ । गाउँ–गाउँमा होमस्टे अर्थात् घरबास सञ्चालनमा छन् । तराईका केही ठाउँमा कृषि रिसोर्टहरु स्थापना हुने क्रम चलेको छ । कृषिलाई पर्यटनसँग जोड्ने र पर्यटकहरुबाट आयआर्जन गर्न सकिने धेरै बाटाहरु छन् । पर्यटन लोभ्याउन पहाडका खोला किनारामा रेन्वो ट्रउट माछा पालन गर्न सकेमा प्रकृतिको आनन्द लिदै रेन्वो माछाको स्वाद लिन पर्यटकहरु पुग्दछन् । अब कृषि पर्यटनको विकासका लागि जुन स्थानमा जे उत्पादन हुन्छ, त्यही उत्पादनलाई कसरी चिनाउने भन्ने खालको कार्यक्रम प्रत्येक पालिकाहरुले ल्याउन जरुरी छ । कृषि मात्रै होइन, पशुपंक्षीपालन गरी राम्रो आम्दानी मात्रै होइन, प्राकृतिक आनन्दसमेत पर्यटकहरुलाई दिन सकिन्छ । नेपालमा पछिल्लो समयमा कालिजपालन व्यवसाय विस्तार हुँदै गएको छ । कालिजको साथै विभिन्न बहुरंगी कुखुरापालन, फरक–फरक प्रकृतिका पशु पंक्षीपालन गरी पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ । कृषि पर्यटनले एकातिर कृषकलाई खाद्यान्न उत्पादन र पशुपालनमा आकर्षित गर्दछ भने गाउँमा जाने पर्यटकहरुलाई अर्गानिक र पोषणयुक्त खानाको स्वादसमेत दिलाउँछ । नेपालको प्राकृतिक भू–धरातल वातावरण एवं सांस्कृतिक जनजीवन, कृषि उर्वरताका विशेषताहरूको आधारमा सूचना र प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामूलक व्यवसायमा जोड दिंदै कृषि पर्यटनलाई नयाँ आयामका साथ मुख्य व्यवसायका रूपमा विकास गर्नु आवश्यक छ । यसर्थ ग्रामीण पर्यटकको विकास र स्थानीय सहभागितामा विशेष जोड दिंदै त्यसको ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवम् वातावरणको संरक्षण र संवर्द्धन गर्दै ऐतिहासिक स्थलको संरक्षणसँगै स्थानीय बासिन्दाको चाहनाअनुसार कृषि पर्यटन व्यवसायको विकास, विस्तार गर्नु अहिलेको आवश्यकता छ ।

## Opinion @ Social Network

समयले पर्खिदैन समयसंगै हिड्नुपर्छ
जीवन यात्रा हो हिड्दा सम्हालिनु पर्छ ।
(प्रकाश देवकोटाको फेसबुक पेजको स्टाटस https://www.facebook.com/(Parksh.d2)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संसद्ले आफ्नो शक्ति कहिले देखाउने ?



**सोमबहादुर थापा**

राज्यका तीन अंग सरकार, संसद् र न्यायपालिका मानिन्छन् । अझ विधि र कानुन बनाउँदै सरकार र न्यायपालिकालाई स्वेच्छचारी हुनबाट रोक्ने दायित्व संविधानत: संसद्लाई प्राप्त छ । विधि र नीति निर्माण संसदको महत्वपूर्ण जिम्मेवारीको काम हो । सरकारको नीति, योजना, कार्यक्रम, बजेट र आय/ब्यय र खर्चको सदुपयोग र उपयोगको जाँच र निगरानी गर्ने दायित्व संसद्कै हो । अनि सरकारले गरेका कामकारबाही र नीतिमाथि संसद् र समितिहरूमा सशक्त ढंगले प्रश्न उठाउन र छलफल गर्न सके मात्रै सांसदको योग्यता, दक्षता, क्षमता, प्रभावकारिता र जवाफदेहिता अभिवृध्दि भएको मान्न सकिन्छ । सदस्यहरू बैठकमा उपस्थित नभएका र कोरम नपुगेको दृश्य बाक्लिँदो छ । सांसदले आफ्नो जिम्मेवारी सशक्त ढंगले पूरा नगर्ने, सरकारको इशारामा विधेयक पारित गर्ने, सत्य र तथ्यभन्दा बाहिर गएर बोल्नाले संसद्को क्षमता, दक्षता, प्रभावकारिता र जवाफदेहिता अभिवृद्धि हुन सक्दैन । अनि संसद्बाट पारित वा अनुमोदित सवालले निस्कर्ष नपाउँदा खल्लो महसूस गर्नुपर्ने अवस्था छ । महाकाली सन्धि पारित भएको तीस वर्ष टेक्न लाग्दैछ । सन्धिमा उल्लेखित कुनै काम भएन । सदनमा गण्डक, कोशी, टनकपुरलगायतका सन्धि सम्झौता कार्यान्वयन अवस्था र असरबारे छलफल हुनुपर्थ्यो । मुलुकले आर्थिक संकटको सामना गर्नुपर्ने परिस्थिति बन्दैछ । अनियमितता र भ्रष्टाचार बढेर गएको छ । देश ‘ग्रे लिस्ट’मा पर्दा पनि संसद्मा घनीभूत छलफल हुँदैन । अर्को त, तत्कालीन प्रधानन्यायाधीशमाथि भ्रष्टाचारका आरोप लगाउँदै महाभियोग प्रस्ताव दर्ता हुनु र संसदीय छानबिनले दोषी करार गर्यो । तर, दुर्भाग्य, संविधानत: उक्त प्रकरण टुंगोमा पुर्याइएन । संविधान संसदलाई प्राप्त अधिकार प्रयोग नहुँदा प्रश्न उठ्नु स्वाभाविक हो । प्रधानमन्त्रीको चयन गर्ने र संविधानअनुकूल आचरण, ब्यवहार तथा काम नगरेमा अविश्वास प्रस्तावमार्फत पदमुक्त गर्ने अधिकार पनि संसदसँगै छ ।

संविधानत: अनुकूल आचरण र ब्यवहार तथा कर्तव्य पालना नगरेमा राष्ट्रपति, उपराष्ट्रपति, सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश तथा अन्य संवैधानिक अंगका पदाधिकारीहरूलाई पनि महाभियोग प्रस्तावमार्फत पदमुक्त गर्ने अधिकार संघीय संसदलाई नै छ । आफ्नो जिम्मेवारीभित्रको कामकारबाही गर्न संविधानत: संसद् स्वतन्त्र हुन्छ भन्ने विश्वव्यापी मान्यता छ । यसरी संसद्सँग असीमित अधिकार हुँदा के गर्यो त ? भन्ने प्रश्न उब्जिइरहेकै छन् । २०८१ माघ १८ गतेबाट संघीय संसद्को हिउंदे अधिवेशन शुरु भएको छ । संसद् र संसदीय समितिमा छलफल गर्नुपर्ने र निस्कर्ष खोज्नुपर्ने अनगन्ती विषय छन् । बेराजगारी र अर्ध्द बेरोजगारी पनि बढेर छ । उद्योग, व्यवसाय पनि फस्टाउने वातावरण बन्न सकेको छैन । देशमा आर्थिक गतिविधि चलायमान हुन सकेको छैन ।

> *कृषि उत्पादनले उचित मूल्य पनि पाउन सकेको छैन । सहकारी, बैंक र वित्तीय संस्थामा डुबन्ते ऋण बढ्दै गएको छ । सार्वजनिक निकाय तथा संस्थाहरूमा वर्षेनी अनियमितता, बेरुजु, सार्वजनिक साधन–श्रोतको हिनामिना तथा दुरुपयोग र भ्रष्टाचार बढ्दै गएका र नीतिगत भ्रष्टाचार पनि बढिनै रहेका छन् । सीमित रुपमा उठ्ने राजस्व पनि ठूलै मात्रामा चुहावट भइरहेको छ । यस्ता दृश्यले हाम्रो देशको शासन व्यवस्था सुशासनतिर भन्दा कुशासनतिर लम्केको संकेत गर्छन् । लोकतन्त्र बहालीसँगै दलीय नेताहरू नै शासनमा सर्वेसर्वा भएका छन् । राजनीतिक अस्थिरता देखिनु भनेको राजनीतिक दलका नेताहरूको असफलता र अक्षमता हो भन्ने देखिन्छ । सफल नेताले यस्ता समस्या दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मण्डेलाले झैँ समयमै टुंगो लगाउनुपर्ने थियो । हाम्रा नेताहरूको मण्डेलाको जस्तो दूरदर्शिता, आँट र क्षमता नरहेको कुरा यो समस्या लम्व्याउँदै लानुबाट पनि स्पष्ट हुन गएको छ । अर्कोतिर संसद्ले पनि यो समस्या समयमै टुंग्याउन सक्रियता देखाउनुपर्ने थियो । दह्रो, सशक्त र क्षमतावान संसद् बन्न र बनाउन सरकार, संसदका पदाधिकारी र राजनीतिक दलहरू र संघीय संसदका सदस्यहरूको कर्तव्यको कुरा हो ।*

अमेरिकाको सिनेटका दुई जना रिपब्लिकन पार्टीका सिनेटरले राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा एउटा निकायको निर्देशकमा नियुक्तिविरुद्धमा मत दिए । उनीहरूलाई रिपब्लीकन पार्टीले कारबाहीको डण्डा चलाएनन् । अमेरिकामा सिनेटरहरूले विवेकको प्रयोग गर्न स्वतन्त्रत छन् । नेपालमा पनि सांसदहरूले विवेकको प्रयोग गर्न नसक्दा आज संसद् योग्य, दक्ष, प्रभावकारी, सक्षम र जवाफदेही बन्न नसकेको हो । संसद् अधिवेशन समयमै नबोलाई छ वटा अध्यादेश जारी गरियो । जुन संसद्माथि सरकारको हस्तक्षेपका रूपमा लिनुपर्ने हुन्छ । संसद् र न्यायपालिकामाथि दबाब, प्रभाव र हस्तक्षेप वा नियन्त्रण गर्नु भनेको राजा वा राणाको प्रत्यक्ष नियन्त्रण र निर्देशित शासन पद्धति पुनरावृत्त गर्नु हो । संसदीय लोकतान्त्रिक शासन व्यवस्थाको विकास र सुदृढीकरणका लागि यो शुभ संकेत पक्कै होइन । श्रीलंकाका जनतले सन् २०१९ देख सन २०२२ सम्म राष्ट्रपति भई काम गरेका गोतावाय राजापाक्षेलाई सन् २०२२ को जुलाईमा भ्रष्टाचार गरेको र जनता तथा देशको दुर्दशामाथि ध्यान नदिएको भनी सडकमा विद्रोह गरी पदमुक्त गरे । यसरी नै बंगलादेशका विद्यार्थीहरूले सन् २०२४ को अगष्टमा १५ वर्षसम्म शासन गरेकी शक्तिशाली प्रधानमन्त्री शेख हसिनालाई कोटा पद्धति निरन्तरता दिई विभेद गरेको, प्रदर्शनकारी विद्यार्थीहरूमाथि निर्मम रूपले दमन गरेको र यातना दिएको भन्दै पद छाड्न बाध्य पारे । दक्षिण कोरियामा मध्यरातमा देशमा सैनिक शासन लागू भएको घोषणा गर्ने तत्कालीन राष्ट्रपति युनसुक योउलविरुद्ध १४ डिसेम्बर सन् २०२४ मा महाभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्ने निर्णय गर्यो । आजको समयमा कुनै पनि देशको जनता र संसद्ले कुनै पनि किसिमको निरंकुशता, नियन्त्रण र अनियमितता तथा भ्रष्टाचार सह्दो रहेनछ भन्ने तथ्य यी तीन देशको राजनीतिक घटनाक्रम नेता वृत्तले बुझ्नुपर्छ । राज्यका तीन अंग आ-आफ्ना काम-कारबाही गर्न स्वतन्त्र र सक्षम हुनुपर्छ । कुनै अंगले पनि अर्को अंगमाथि दबाब, प्रभाव र हस्तक्षेप गर्न संविधानत: मिल्दैन ।कार्यकारिणीले संसद् र न्यायपालिकामाथि दबाब, प्रभाव र हस्तक्षेप गर्ने काम गरेमा लोकतान्त्रिक शासन व्यवस्था स्थिर, सशक्त र सुदृढ बन्न सक्तैन । कार्यकारिणी निरंकुश, तानाशाही तथा जनताका हक अधिकार खोस्न वा बन्देज लगाउने गरी अगाडि बढ्न सक्छ । तर न्यायपालिका र संसद् नागरिकको स्वतन्त्रता, हक अधिकार र सम्पत्तिको संरक्षण गर्ने संवैधानिक संस्था हुन भन्ने गरिन्छ । हाम्रो संविधानको मूल लक्ष्य पनि राज्यका तीन अंग स्वतन्त्र र सक्षम बनुन् भन्ने देखिन्छ । अभ्यासका क्रममा न्यायपालिका, संसदभन्दा धेरै हदसम्म स्वतन्त्र र सक्षम छ भन्ने देखिन्छ । तर संसद्, न्यायपालिका जति पनि स्वतन्त्र र सक्षम भएको अनुभूत गरी क्रियाशील नहुँदा प्रश्न उब्जिएको छ । युवा जनशक्ति रोजगारीका लागि खाडी मुलुकलगायत विश्वका अरु मुलुकमा जाने क्रम बढ्दो छ । उत्पादन र उत्पादकत्व बढेन र बढाउन सकिएको छैन । कृषि उत्पादनले उचित मूल्य पनि पाउन सकेको छैन । सहकारी, बैंक र वित्तीय संस्थामा डुबन्ते ऋण बढ्दै गएको छ । सार्वजनिक निकाय तथा संस्थाहरूमा वर्षेनी अनियमितता, बेरुजु, सार्वजनिक साधन-श्रोतको हिनामिना तथा दुरूपयोग र भ्रष्टाचार बढ्दै गएका र नीतिगत भ्रष्टाचार पनि बढिनै रहेका छन् । सीमित रूपमा उठ्ने राजस्व पनि ठूलै मात्रामा चुहावट भइरहेको छ । यस्ता दृश्यले हाम्रो देशको शासन व्यवस्था सुशासनतिर भन्दा कुशासनतिर लम्केको संकेत गर्छन् । लोकतन्त्र बहालीसँगै दलीय नेताहरू नै शासनमा सर्वेसर्वा भएका छन् । राजनीतिक अस्थिरता देखिनु भनेको राजनीतिक दलका नेताहरूको असफलता र अक्षमता हो भन्ने देखिन्छ । सफल नेताले यस्ता समस्या दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मण्डेलाले झैँ समयमै टुंगो लगाउनुपर्ने थियो । हाम्रा नेताहरूको मण्डेलाको जस्तो दूरदर्शिता, आँट र क्षमता नरहेको कुरा यो समस्या लम्व्याउँदै लानुबाट पनि स्पष्ट हुन गएको छ । अर्कोतिर संसद्ले पनि यो समस्या समयमै टुंग्याउन सक्रियता देखाउनुपर्ने थियो । संसदको योग्यता, दक्षता, कार्यक्षमता, जवाफदेहिता र प्रभावकारिता बढ्नु भनेको राष्ट्रकै क्षमता र दक्षता अभिवृद्धि हुनु हो । दह्रो, सशक्त र क्षमतावान संसद् बन्न र बनाउन सरकार, संसदका पदाधिकारी र राजनीतिक दलहरू र संघीय संसदका सदस्यहरूको कर्तव्यको कुरा हो । त्यसमाथि पनि संसद्को जवाफदेहिता र प्रभावकारिता बढाउन प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्षको विशेष भूमिका रहन्छ । अबका दिनमा संघीय संसद्, स्वतन्त्र, दक्ष, सक्षम, जवाफदेही र प्रभावकारी बनोस् भन्ने शुभकामना छ । ***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : हजुर ऊर्जावान रहनुहुनेछ। व्यापार मा नयाँ कीर्तिमान स्थापित गर्न सक्नुहुनेछ। | **तुला** : नयाँ दृष्टिकोण दिनुहोस् सफलता मिल्नेछ। कलाको क्षेत्रमा सफलता मिल्नेछ। |
| **बृष** :बोलिको विपरीत अर्थ लाग्न सक्छ। स्वास्थ्यमा चिकित्सकको सल्लाह लिनुहोस्। | **बृश्चिक** : सबैको सल्लाहले निर्णय लिनुहोला। सकारात्मक सोचले अगाडि बढ्नुहोस्। |
| **मिथुन** :व्यापारबाट लाभ मिल्ला। रुचिगत कार्य हात लाग्नाले मन प्रसन्न रहनेछ। | **धनु** :प्रतिष्ठित काम गर्ने समय रहेको छ। कार्यक्षेत्रमा आत्तिएर कुनै निर्णय नलिनुहोला। |
| **कर्कट** : मेहनतको उचित प्रतिफल नमिल्ला। शत्रुबाट सावधान रहनुहोला। | **मकर** : कुनैकुरालाइ लिएर मन अशान्त रहनेछ।व्यवसायिक कार्यमा खर्च बढ्नेछ। |
| **सिंह**:सबैभन्दा ठूलो शत्रु रहनेछ। सन्तानसँग मनोरञ्जनात्मक पल बित्नेछ। | **कुम्भ** : आर्जनका स्रोत बन्नेछन्। अध्ययनमा समय दिन नसकेपनि प्रतिफल राम्रो मिल्नेछ। |
| **कन्या** :पारिवारिक सद्भाव बिग्रिन सक्छ सचेत रहनुहोस्।सोचेजस्तो सहयोग प्राप्त नहोला। | **मीन** : शुभचिन्तकहरूको कुरालाई ध्यान दिनुहोस्। बौद्धिक क्षमतामा विकास हुनेछ। |

## विज्ञान/सूचना प्रविधि

# आर्थिक विकासका लागि 'डिजिटल गभर्नेन्स' आवश्यक




सरोकारवालाहरुले मुलुकको आर्थिक विकासका लागि डिजिटल गभर्नेन्स अत्यावश्यक रहेको बताएका छन् । आइतबार बेलुकी आयोजित 'टेकगभ नेपाल, २०२५' कार्यक्रममा जानकारहरुले डिजिटल गभर्नेन्स आर्थिक विकास, सुशासन, प्रभावकारी सेवा प्रवाहका साथै सामाजिक समावेशीकरणका लागि हुनुपर्नेमा जोड दिए । सूचनाप्रविधि विज्ञ मनोहर भट्टराईले मुलुकको विकासमा डिजिटल गभर्नेन्स जरुरी भएको उल्लेख गर्दै यसले आर्थिक विकासमा सहयोग पुग्नुपर्नेमा जोड दिए । 'डिजिटल गभर्नेन्स मात्रै भनेर हुँदैन, यसले आर्थिक विकासमा सहयोग गर्नुपर्छ, यसमार्फत रोजगारी सृजना हुनुपर्छ, कृषि तथा पर्यटनलगायतका क्षेत्रको विकासमा नयाँपन दिन सक्नुपर्छ' उनले भने । साथै शिक्षा र स्वास्थ्यलगायतका आधारभूत क्षेत्रमा सबैको पहुँच स्थापित गर्दै सामाजिक समावेशीकरणमा पनि यसले सहयोग गर्ने उनले उल्लेख गरे । डिजिटल गभर्नेन्सको पूर्ण कार्यान्वयनका लागि बृहत नीति निर्माणदेखि त्यसको कार्यान्वयनमा राजनीतिक तहबाटै बलियो प्रतिबद्धता आवश्यक रहेको उनको भनाइ छ । 'डिजिटल गभर्नेन्सको आवश्यक महसुस भएर मात्रै हुँदैन, राजनीतिक नेतृत्वको प्रतिबद्धता चाहिन्छ र यो नीति निर्माणदेखि बजेटमा समेत देखिनुपर्छ, यसको कार्यान्वयनका लागि स्पष्ट खाका आवश्यक हुन्छ', उनले भनेका छन् । ई-गभर्नेन्स बोर्डका प्रमुख कार्यकारी अधिकृत दिपेश बिस्टले डिजिटल गभर्नेन्स राजनीतिक मुद्दा भएको बताए । उनले डिजिटल गभर्नेन्स सुशासनका साथै आर्थिक विकाससँग सम्बन्धित भएकाले यसको कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता जरुरी भएको उल्लेख गरे । 'जब डाटा दौडन थाल्छ, सेवाग्राहीहरु कम दौडिए पनि पुग्छ, एउटै सेवा लिनका लागि पटक पटक डाटा बुझाउनुपर्ने बाध्यता हट्नुका साथै कम समयमा प्रभावकारी सेवा प्रवाह गर्न सकिन्छ', उनले भने । यसका लागि डाटा एक्सचेन्ज प्लेटफर्म जरुरी रहेको उनले बताए । इस्टोनियालगायतका मुलुकहरुले डिजिटल रुपान्तरणमार्फत मुलुकको आर्थिक विकासमा पुऱ्याएको योगदानको चर्चा गर्दै नेपालमा पनि त्यो सम्भव भएको उनको भनाइ छ । सूचना प्रविधिसँग सम्बन्धित कानुनका जानकार प्रवीन सुवेदीले वैदेशिक रोजगारीमा जानेलाई ई गभर्नेन्सबारे जानकारी आवश्यक रहेको बताए । 'वैदेशिक रोजगार विभागले विद्युतीय शासनमार्फत वैदेशिक रोजगारीमा जानेहरुलाई लक्षित गरी विभिन्न प्रकारका सेवा प्रवाह गरिरहेको छ, त्यसैले उनीहरुले यसबारे राम्रोसँग जानकारी राख्न आवश्यक छ', उनले भने । ई-गभर्नेन्स बोर्डका इन्जिनियर केदार भण्डारीले डिजिटल गभर्नेन्सबारे चर्चा गर्दै बोर्डका उपलब्धिबारे सहभागिलाई जानकारी गराए । उनले हाल विद्युतीय सुशासनको मार्गचित्रका रुपमा ब्लुप्रिन्ट तयार भइसकेको र हाल यो छलफलका चरणमा रहेको समेत बताए ।

*-रासस*

# आइफोन १६ ई को खास विशेषता के हो ?



आइफोन निर्माता कम्पनी एप्पलले आफ्नो सुपथ मूल्यको नयाँ आइफोन सार्वजनिक गरेको छ । लागशिप आइफोनका नयाँ संस्करण हरेक वर्ष सेप्टेम्बर महिनामा मात्रै सार्वजनिक गर्ने गरेको एप्पलले सुपथ मूल्यको दाबी ग्रिएको आइफोन १६ ई चाहिँ यसपटक फेब्रुअरीमै सार्वजनिक गरेको छ । आइफोन १६ई मा ब्याट्री ब्याकअप सबैभन्दा गज्जब रहेको दाबी एप्पलको छ । एप्पलका अनुसार यो फोनमा २६घण्टाको भिडियो प्लेब्याक रहेको छ । अर्थात् एकपटक फोन चार्ज ग्रेपछि दिनभर फोनमा भिडियो चलाएर हेर्न सकिन्छ ।

कम्पनी आफैंले डिजाइन गरेको चिपसेटका कारण यो फोनको ब्याट्री ब्याकअप अधिक रहेको दाबी गरिएको छ । योसँगै अब आइफोन एसईको आधिकारिक रुपमा अन्त्य भएको छ । यसपटक एप्पलले नयाँ एसई मोडेल ल्याउने अपेक्षा गरिएको थियो । तर उसले अब ई सिरिजको आइफोन ल्याएको छ । आइफोन १६ ई मा पनि एप्पल इन्टेलिजेन्स फिचर रहेको छ । फेब्रुअरी २१ बाट यो आइफोनको प्रि अर्डर सुरु भएको छ र २८ फेब्रुअरीबाट यसको बिक्री सुरु हुनेछ ।

**स्याटेलाइट फोन गर्न सकिने सुविधा** : यो फोनमा शक्तिशाली ए १८ चिपसेट प्रयोग गरिएको छ, जुन आइफोन १६ मा पनि छ । आइफोन १६ ईमा केवल एउटा मात्रै रियर क्यामेरा हुनेछ, जुन ४८ मेगापिक्सेलको रहेको छ । यसमा ६.१ इन्चको ओएलइडी डिस्प्ले रहेको छ । यो फोनले पनि फेस आइडी सपोर्ट गर्दछ तर टच आइडी उपलब्ध छैन । यो फोनमा कस्टमाइजेबल एक्सन बटन पनि राखिएको छ । यद्यपि यसमा कम्पनीले क्यामेरा कन्ट्रोल फिचर उपलब्ध गराएको छैन, जुन आइफोन १६ मा उपलब्ध छ । यो नयाँ आइफोनको आधारभूत मोडेलमा १२८ जिबीको स्टोरेज रहनेछ । यो फोनमा वायरलेस चार्जिङ प्रविधि समेत हुनुका साथै धेरै हदसम्म यसमा पानी नछिर्ने ( वाटर रेसिस्टेन्ट) गुण पनि रहेको छ । आइफोन १६ ई मा एप्पलले आफ्नै कम्पनीको मोडेम लगाएको छ, जबकि यसअघि आइफोनमा क्वालकोमका मोडेम प्रयोग हुन्थ्यो । यो फोनमा एप्पलको इमर्जेन्सी एसओएस सर्भिस पनि रहेको छ, जुन स्याटेलाइटमा आधारित छ । अर्थात् आपतकालीन अवस्थामा स्याटेलाइट फोन गर्न सकिने सुविधा पनि यसमा छ । यो फोनमा भिजुअल इन्टेलिजेन्स फिचर पनि रहेको छ । आइफोन १६ई का अन्य विशेषता यस्ता छन्

तौल : १६७ ग्राम
अपरेटिङ सिस्टम : आइओएस १८.४
इन्टर्नल मेमोरी : १२८ जिबी, २५६ जिबी, ५१२ जिबी
र्‍याम : ८ जिबी
हेक्जाकोर प्रोसेसर
१२ मेगापिक्सेलको सेल्फी क्यामेरा
युएसबी टाइप सी
मूल्य : ५९९ डलरबाट सुरु

*-अनलाइन खबर डटकम*

# पृथ्वीसँग ठोक्किने छुद्रग्रहका कुरा



गत हप्ताभर '२०२४ वाईआर४' नामक क्षुद्रग्रह ठुलो चर्चाको विषय बन्यो । सुरुमा वैज्ञानिकहरूले यो क्षुद्रग्रह पृथ्वीसँग ठोक्किने सम्भावनालाई बढाएका थिए, पछि उनीहरूले नै यसलाई घटाए । पछिल्लो पूर्वानुमान अनुसार यो क्षुद्रग्रह सन् २०३२ मा पृथ्वीसँग ठोक्किने सम्भावना ०.२८ प्रतिशत रहेको छ । यसअघि यो सम्भावना ३.१ प्रतिशत रहेको बताइएको थियो । वैज्ञानिकहरूले अब यो क्षुद्रग्रह पृथ्वीभन्दा पनि हाम्रो चन्द्रमासँग ठोक्किने सम्भावना बढी रहेको बताइरहेका छन् । यसको सम्भावना १ प्रतिशत रहेको छ । दुई महिनाअघि चिलीको मरुभूमिबाट टेलिस्कोपको माध्यमबाट २०२४ वाईआर४ पत्ता लागे यता दशौं यस्ता क्षुद्रग्रहहरू पृथ्वीदेखि चन्द्रमाभन्दा नजिक भएर गएका छन् । खगोलीय शब्दमा यसलाई 'नियर मिस' (झण्डै ठोक्किएको) भनेर भन्न सकिन्छ । यसबिचमा अन्य स-साना क्षुद्रग्रहरू पृथ्वीसँग ठोक्किएको वा आकाशमा नै जलेका हुनसक्छन्, जसलाई कसैले ख्याल नै गरेनन् । यसमध्ये धेरै हाम्रो लागि हानि नगर्ने खालका हुन्छन् । तर, केहीमा हाम्रो ब्रह्माण्डबारे नयाँ तथ्य खुलाउने संकेतहरू हुन्छन् । यस्ता जानकारी हात पार्नका लागि हामी सधैं उत्साहित हुन्छौं । छुद्रग्रह वास्तवमा ४.६ अर्ब वर्षअघि हाम्रो सौर्यमण्डल निर्माणका बेला छुट्टिएका स-साना ढुंगाका टुक्राहरू हुन् ।

अन्य ग्रहका गुरुत्वाकर्षणले धकेलिएका यस्ता छुद्रग्रहहरू पृथ्वीको वरिपरि घुमिरहेका हुन्छन् । मानव इतिहासको लामो समय हामीलाई यस्ता कतिवटा ठुला छुद्रग्रहहरू पृथ्वीको नजिक भएर गए भन्ने थाहा नै थिएन । पृथ्वीको नजिक भएका छुद्रग्रहहरू माथिको निगरानी २० औं शताब्दीको अन्त्यतिरबाट मात्र सुरु भएको न्यू मेक्सिको विश्वविद्यालयका प्राध्यापक मार्क बोसलोह बताउँछन् । अहिले भने हामीलाई ४० मिटर वा सोभन्दा ठुला क्षुद्रग्रहहरू हरेक वर्ष कयौं पटक पृथ्वी र चन्द्रमाको बिच भएर जान्छ भन्ने थाहा छ । सन् १९०८ मा साइबेरियामा यही आकारको छुद्रग्रह आकाशमा विस्फोट हुँदा कयौं मानिस घाइते भएका थिए भने २ सय वर्ग माइल क्षेत्रको भवनहरूमा क्षति पुगेको थियो । पृथ्वीको नजिक भएर गएको वाईआर४ जस्तै ठुलो आकारको अर्को क्षुद्रग्रह एपोफिस रहेको थियो । यो सन् २००४ मा पत्ता लागेको थियो र यसको आकार ३७५ मिटर रहेको थियो । जुन एउटा क्रुज जहाज जत्रै हो । फ्रेन्च नेसनल सेन्टर फर साइन्टिफिक रिसर्च ( सीएनआरएस) का प्राध्यापक प्याट्रिक मिचेलका अनुसार हालसम्म पत्ता लागेका क्षुद्रग्रहरूमध्ये यो पृथ्वीका लागि सबैभन्दा खतरनाक थियो । सन् २०१३ मा मात्र यो क्षुद्रग्रह पृथ्वीसँग ठोक्किँदैन भन्ने यकिन भएको थियो । अहिले वाईआर४को सन्दर्भमा भने एउटा ठुलो फरक रहेको उनी बताउँछन् । उनी भन्छन्, 'हामीलाई पहिले के गर्ने भन्ने बारे थाहा थिएन । हामीले केही कुरा पत्ता लगायौं, त्यो पृथ्वीमा ठोक्किन सक्ने सम्भावना पहिचान पनि गऱ्यौं । त्यसपछि हामी सोच्यौं, अब यसबारे कसलाई फोन गर्ने ?' त्यतिबेला वैज्ञानिक र सरकार कसलाई पनि अब के गर्ने भनेर थाहा नभएको उनी बताउँछन् । ठुलो आकारको क्षुद्रग्रह मानवबस्तीमा खस्यो भने ठुलो क्षति हुनसक्छ । वाईआर४ कत्रो छ भन्ने अझै यकिन भएको छैन । हालसम्म यसको लम्बाई ९० मिटर रहेको बताइएको छ । अनुमान अनुसार पृथ्वीसँग ठोक्किन आएमा यो नटुक्री पृथ्वीको वायुमण्डलमा प्रवेश गर्नेछ । 'पृथ्वीसँग ठोक्किएमा यसले जमिन ठुलो खाडल बनाउन सक्छ । यसले भौतिक संरचनामा क्षति पुऱ्याउनका साथै दर्जनौं किलोमिटरको क्षेत्रफलमा रहेका मानिसहरूलाई गम्भीर रूपमा घाइते बताउन सक्छ,' लरेन्स लिभरमोर नेसनल ल्याब्रोटेरीका प्राध्यापक क्याथरिन कुनामोटो बताउँछिन् । एपोफिस प्रकरणपछि पृथ्वीको सुरक्षामा धेरै प्रगति भएको छ । प्राध्यापक मिचेल अन्तर्राष्ट्रिय स्पेस मिसन प्लानिङ एड्भाइजरी ग्रुपका सदस्य छन् । यो समूहले सरकारलाई छुद्रग्रहको जोखिम र ठोक्किएको खण्डमा के गर्ने भनेर अभ्यास गर्न सुझाव दिन्छ । अहिले त्यही भइरहेको छ । अब यो एड्भाइजरी ग्रुप अप्रिलमा वाईआर४बारे पुन: छलफलका लागि बस्नेछ । तर, त्यतिबेलासम्म यो पृथ्वीसँग ठोक्किने सम्भावना पूर्णरुपमा हट्ने उनीहरू विश्वास गर्छन् । 'अहिले हामीसँग छुद्रग्रहसँग ठोक्किनेभन्दा अन्य विकल्पहरू पनि छन्,' प्राध्यापक कुनामोटो भन्छिन् । नासा र युरोपियन स्पेस एजेन्सीले यस्ता खतरनाक छुद्रग्रहको दिशा परिवर्तन गर्न सक्ने प्रविधि विकास गरिसकेका छन् । नासाको डबल एस्टेरोइड रिडाइरेक्सन टेस्ट (डार्ट) ले एउटा अन्तरिक्ष यानलाई छुद्रग्रह डिमोर्फोससँग ठोक्काएर त्यसको दिशा नै परिवर्तन गर्न सफल भएको थियो । तर, वैज्ञानिकहरू यो तरिका वाईआर४ मा काम गर्छ कि गर्दैन भन्नेमा स्पष्ट छैनन् । किनभने यो केबाट बनेको छ भन्ने अझै थाहा भएको छैन भने यसको दिशा परिवर्तन गर्नका लागि समयको पाबन्दी निकै कम छ । त्यसो भए पृथ्वीसँग ठक्कर खाएका अन्य छुद्रग्रह चाहिँ ? वैज्ञानिकहरूका अनुसार यस्ता छुद्रग्रहका टुक्राहरू मानिसहरू बस्ने ठाउँ भन्दा निकै टाढा खसेका छन् । एन्टार्क्टिकामा मात्र करिब ५० हजार यस्ता छुद्रग्रहहरू फेला परेका छन् । यसमध्ये सबैभन्दा चर्चित एएलएच ८४००१ हो । यो मंगल ग्रहमा उत्पत्ति भएको विश्वास गरिन्छ । यसले उक्त ग्रहको इतिहासबारे धेरै जानकारी प्रदान गर्दछ । यसैको आधारमा वैज्ञानिकहरू मंगल ग्रह अर्बौं वर्ष पहिले तातो रहेको र त्यहाँको सतहमा पानी भएको विश्वास गर्छन् । सन् २०२३ मा वैज्ञानिकहरूले ३३ पोलिहाइम्निया नामक छुद्रग्रह पत्ता लगाएका थिए । यो पृथ्वीमा पाइने कुनै पनि तत्त्वमा धेरै नै सघन थियो । यो तत्त्व हाम्रो ग्रहका लागि बिलकुलै नयाँ हुनसक्छ । ३३ पोलिहाइम्निया हामीभन्दा १७ करोड किलोमिटिर टाढा रहेको छ । अहिले वाईआर४ पृथ्वीभन्दा चन्द्रमासँग ठोक्किने सम्भावना बढी भएको पाएपछि वैज्ञानिकहरू निकै उत्साहित रहेका छन् । यो ठक्करले हामीलाई धेरै प्रश्नहरूको उत्तर दिनसक्छ जसलाई यसअघि कम्प्युटरको माध्यमबाट स्टिमुलेट मात्र गरिन्थ्यो । 'वास्तविक घटनाको तथ्यांक पाउनु निकै उपयोगी हुनेछ,' इम्पेरियल कलेज लन्डनका प्राध्यापक गारेथ कोलिन्स भन्छन्, 'छुद्रग्रह ठोक्किँदा कतिवटा तत्त्व बाहिर आउँछ ? कति चाँडो यो उछिटिन्छ ? कति टाढासम्म जान्छ ?' यसले पृथ्वीमा भविष्यमा हुन सक्ने छुद्रग्रहको सम्भावित ठक्करबारे सटिक अनुमान लगाउन मद्दत गर्न सक्छ । वाईआर४ ले हामीलाई 'हामी यस्तो ग्रहमा बस्छौं जुन कुनै पनि बेला छुद्रग्रहहरूसँग ठोक्किन सक्ने जोखिममा रहेको छ' भनेर स्मरण गराएको छ । त्यसैले वैज्ञानिकहरू यो विषयलाई हल्का रुप लिन नहुने चेतावनी दिन्छन् । कुनै पनि बेला पृथ्वीमा जीवनलाई नै नष्ट गर्न सक्ने छुद्रग्रह ठोक्किन सक्ने सम्भावना रहेको उनीहरू बताउँछन्, जुन भविष्यमा केही दशकको अन्तरालमा नभएर केही शताब्दीपछि पनि हुनसक्छ । यसैबिच, अन्तरिक्षलाई निगरानी गर्ने हाम्रो क्षमता पनि वृद्धि भइरहेको छ । यही वर्ष चिलीमा रहेको भेरा रुबिन अब्जरभेटोरीमा अहिलेसम्मै ठुलो डिजिटल क्यामेराले काम गर्न सुरु गर्नेछ, जसले रातको समयमा आकाशलाई अझ राम्रोसँग कैद गर्न सक्छ । हामी जति नजिकबाट र जति लामोसम्म अन्तरिक्षमा हेर्न थाल्छौं, त्यति नै हामीले पृथ्वी नजिक रहेका यस्ता अन्य छुद्रग्रहरू पनि पत्ता लगाउन सक्छौं ।

*-रातोपाटी डटकम*

# रामपुरमा एकीकृत घुम्ती शिविरमार्फत सेवा



**पाल्पा,** फागुन १२/जिल्लाको रामपुर नगरपालिकाले वडा-वडामा पुगेर एकिकृत घुम्ती शिविरमार्फत सेवा प्रवाह गरेको छ । जनतालाई सहज सेवा प्रदानका लागि नगरपालिका कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवासँगै स्वास्थ्य जाँच सहितको सेवा शिविरमार्फत प्रदान गर्दै आएको हो ।

उसले वडा नं. १ मा शिविर सम्पन्न गरेको छ । आइतबार वडा नं. १ को कार्यालय परिसरमा शिविर सञ्चालन गरी भूगोलका हिसावले टाढा रहेका नागरिकलाई नगरपालिकाले सेवा प्रवाह गरेको हो । शिविरबाट हिउँदे अधिवेशनबाट बजेट रकमान्तर भएका योजनाको सम्झौता, बैंक खाता खोल्ने, ज्येष्ठ नागरिक परिचयपत्र, अपाङ्ग परिचयपत्र वितरण, पञ्जिकरण सेवा, व्यवसाय दर्ता तथा नविकरण, कृषि तथा पशु सेवा लगायतका सेवा आँखा, कान, घाँटी तथा दन्त परिक्षण सहित अन्य स्वस्थ्य परीक्षण सेवा प्रदान गरिएको थियो । जेष्ठ नागरिक्लाई परिचय पत्र प्रदान गरी रामपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख एवं उपप्रमुख बालकुमारी थापाले जनतालाई स्थानीय सरकार जनताको सेवाको लागि साथमा छ भन्ने आभास दिलाउन नगरपालिका कार्यालय देखि दुरीका हिसावले पर रहेका नागरिकको लागि शिविर सञ्चालन गरिएको बताइन् । उनले घुम्ती शिविरलाई आगामी दिनमा थप परिस्कृत गर्दै लैजाने बताइन् । नगरपालिकाको सेवामा आमनागरिकको पहुँच वृद्धि गर्न शिविर सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । उनले यस अघि वडा नं. ९ मा पनि शिविर सञ्चालन गरिएको र वडा नं. १ पश्चात अब वडा नं. १० मा पनि शिविर सञ्चालन गर्ने योजना रहेको बताए । नगरपालिका कार्यालयबाट दुरी र पहुँचका हिसावले टाढा रहेका नगरवासीले सहज रुपमा सेवा लिन पाउने नागरिकको अधिकारलाई प्रत्याभूति दिलाउन शिविर सञ्चालन गरिएको रामपुर नगरपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले बताए । वडा नं. २ का वडा अध्यक्ष कृष्ण बहादुर दर्जीले नगरपालिकाको सेवासँगै स्वस्थ्य जाँच सेवाले ग्रामीण क्षेत्रका जनतालाई राहत मिलेको बताए । शिविरमा वडा नं. १ र २ का ३ सय ९० जनाले विभिन्न सेवा लिएका छन् । जहाँ स्वास्थ्य जाँच तथा ल्याव सेवा २ सय २३ जनाले प्राप्त गरेका छन् । जसमा मधुमेह, एचआईभी र उच्च रक्तचाप जाँच गरिएको थियो । त्यस्तै आँखा तथा कान जाँच १ सय ७६ जना, दन्त परीक्षण १ सय ४९ जना, सामाजिक सुरक्षा भत्ताको बायोम्याट्रिक ५० जना, बेरोजगार व्यक्ति सुचिकरण सेवा १७ जना, अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र २६ जना, योजना सम्झौता ७ जना, बैंक खाता खोल्ने ११ जना, पशु सेवा १ सय ९८ र कृषि सेवा १ सय ५२ जनाले सेवा लिएको योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए । शिविरमा रामपुर अस्पतालको समन्वयमा विशेषज्ञ सहितको स्वास्थ्य जाँच, कालीगण्डकी आँखा उपचार केन्द्रको समन्वयमा आँखा तथा कान परिक्षण र औषधी वितरण गरिएको थियो । वडाबाटै सेवा प्राप्त गरेसँगै स्थानीयहरु खुशी भएका छन् । शिविर शुभारम्भ कार्यक्रम रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्यदर्शन पण्डितको अध्यक्षता, योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा भएको हो ।

स्वास्थ्य समाचार

# रिब्दीकोटमा स्वास्थ्य संस्थाहरुको पिएनसी समीक्षा तथा योजना तर्जुमा गोष्ठी



**पाल्पा,** फागुन १२/जिल्लाको रिब्दीकोट गाउँपालिकामा स्वास्थ्य संस्थाहरुको पिएनसी (सुत्केरी पश्चात दिइने सेवा) समीक्षा तथा योजना तर्जुमा गोष्ठी सुरु भएको छ । गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा सोमबारदेखि २ दिने गोष्ठी सुरु भएको हो । गोष्ठीको गाउँपालिका उपाध्यक्ष कान्ता अधिकारीले एक औपचारिक कार्यक्रमकाबिच शुभारम्भ गरेकी हुन् ।

गोष्ठीको शुभारम्भ गर्दै उपाध्यक्ष अधिकारीले स्वास्थ्य जस्तो संवेदनशील विषयमा व्यापक समीक्षा गर्न जरुरी रहेको बताइन् । उनले पालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेकाले सोही अनुसार स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीहरुलाई आग्रह गरिन् । कर्यक्रममा प्रमुख प्रशासकिय अधिकृत मणीप्रसाद खनालले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनले जनताको नजिकको अस्पताल भनेकै वडामा रहेका स्वास्थ्य संस्था भएकाले उनीहरुलाई सहज र छिटो छरितो सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीहरुलाई आग्रह गरे । पालिका भित्रका स्वास्थ्य संस्थाहरुले एक वर्षमा गरेका कार्यक्रम तथा गतिविधिहरुको समीक्षा र आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट र कार्ययोजना निर्माणका लागि गोष्ठी आयोजना गरिएको स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीले बताए । उनले सबै स्वास्थ्य संस्थाहरुबाट पिएनसी सेवा दिँदै आएको र त्यो प्रभावकारी बन्दै गएको उल्लेख गरे । सुत्केरी पश्चात सुत्केरीको घरमै गएर सुत्केरी आमा र बच्चाको स्वास्थ्य अवस्था बुझ्ने र नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार बच्चा जन्मेको २४ घण्टाभित्र, ३ दिन भित्र, ७-१४ दिन भित्र र ४२ दिनभित्र ४ पटक स्वास्थ्य परीक्षण गरी मातृत्व र नवजात शिशुको मृत्यु दर कम गर्ने उद्देश्यले पिएनसी सेवा दिँदै आइएको प्रमुख अधिकारीले बताए । मंगलबारसम्म चल्ने कार्यक्रममा ८ वटै वडाका स्वास्थ्य संस्थाका नर्सिङ कर्मचारीहरुको सहभागीता रहेको छ । गोष्ठीमा प्रत्येक स्वास्थ्य संस्थाहरुले आफुहरुले गरेका गतिविधिहरु प्रस्तुत गरेका छन् । उनीहरुले एक अर्कोबाट गरेका कामहरु सिक्ने र सिकाउन गोष्ठी महत्वपूर्ण हुने विश्वास लिएका छन् ।


## रिब्दीकोट गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।

| मणिप्रसाद खनाल | कान्ता अधिकारी | नारायण बहादुर कार्की |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## तानसेन नगरपालिका ७ नं. वडा कार्यालयको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- व्यवसायिक कृषिमा लागौं, स्वरोजगार बनौं ।
- आफ्नो घर-आगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफुले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं, जरिवानाबाट बचौं, सभ्य नागरिकको पहिचान दिऔं ।
- बालश्रम प्रयोग नगरौं, नगराऔं ।
- विकास निर्माण र सुशासनमा चासो राखौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति सहयोगी/जिम्मेवार बनौं ।
- वृक्षारोपण गरी वातावरण हरियाली बनाऔं ।
- सेवा प्रवाहमा रहेका कमीकमजोरी औंल्याउने बानीको विकास गरौं ।
- नागरिक अधिकारसँगै कर्तव्यप्रति पनि जिम्मेवार बनौं ।
- सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गरौं ।

प्रदिप खनाल
वडा अध्यक्ष

७ नं . वडा कार्यालय
तानसेन नगरपालिका, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई